लेखापरीक्षण प्रतिवेदन

तादी गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

तादी गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/620

श्रीमान् अध्यक्षज्यू,

तादी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/620

श्रीमान् अध्यक्षज्यू ,

तादी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ११ करोड ५७ लाख ८८ हजारको लेखापरीक्षणबाट रु. ६ लाख ८२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२ लाख ७० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ४ लाख १२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. २६ करोड २ लाख ३७ हजार मध्ये रु. ५० लाख १९ हजार सम्परीक्षण भई यसवर्षको थप रु. ४ लाख १२ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.२५ करोड ५६ लाख ३० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले - गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका,अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परिक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
३६	२६	६,८१,९९४	०	५	२,६९,९९४	०	३६	२१	४,१२,०००	४,१२,०००	०	०	०	०	०	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	२६,०२,३६,७०४	0	५०१८६०४	२५५२१८१००	0	४,१२,०००	२५५६३०१००

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२९	सेवा शुल्क	७,७३२
२	२०८१/८२	३०.२	सामाजिक सुरक्षा तर्फ	६२,२६२
३	२०८१/८२	७	पेश्की व्यवस्थापन	२,००,०००
४	२०८०/८१	५१	सिक्दै -पढ्दै -कमाउँदै कार्यक्रम	३,००,०००

५	२०८०/८१	५८	सम्बन्धित शीर्षकबाट खर्च लेखिनु पर्ने	४,९८,६९३
६	२०८०/८१	४०	विद्युत महसुल थप दस्तुर	७२,२००
७	२०८०/८१	६१	रुम टु रिड कार्यक्रम	३,००,०००
८	२०८०/८१	३९	मोटर साईकल दर्ता नविकरण थप दस्तुर	१,१३,६३४
९	२०८०/८१	४२.२	मापदण्ड विपरित भुक्तानी	६,५०,०००
१०	२०८०/८१	४९	मापदण्ड भन्दा बढी भुक्तानी	१९,०८०
११	२०८०/८१	६२	भर्पाई	१,४८,७८२
१२	२०८०/८१	७५	पदाधिकारी इन्धन सुविधा	१,००,०००
१३	२०८०/८१	६९	निर्माण व्यवसायिको विल	१२,५६,०५१
१४	२०८०/८१	६५	नपाउने अनुगमन भत्ता	९५,०००
१५	२०८०/८१	७०	जनश्रमदान	९,१४,२६८
१६	२०८०/८१	६७	अन्य निकायको खर्च	३,८५,३९७
१७	२०७९/८०	६०	याक प्रवर्द्धन कार्यक्रम	६५,५००
१८	२०७९/८०	९६	प्रोग्राम अपडेट	१,००,०००
जम्मा				५२,८८,५९८

तादी गाउँपालिका, नुवाकोट

(८०३२९५०३३००)

तादी गाउँपालिका , नुवाकोट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ६९.८० वर्ग किलोमिटर तथा जनसंख्या १५९३३ रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।५।९ देखि २०८२ ।५।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु १ अर्व ११ करोड ५७ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२७३५५०७४।८३	**चालु खर्च**		२७४०१८१२३।०४
१.संचित कोष	२०९१०२१२।८४		१. पालिका तर्फ	९६६५२९०१।८७	
२.धरौटी	५८०३९५९।९९		२.संघीय सशर्त	१६९४७३०२४।१७	
३ प्रकोप व्यवस्थापन कोष	६४०९०२		३.प्रदेश सशर्त	७८९२१९७	
यस वर्षको आय			**पुँजीगत खर्च**		१२५११०६९७३
१.आन्तरिक आय		८४९१३६३।६१	१.पालिका तर्फ	७१६१२५३९	
क) आन्तरिक राजस्व	४७९१२७३।५५		२.संघीय सशर्त	२०१४२०५४	
ख) घर जग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत)	१८२७५८२।७९		3.संघीय समपुरक	३२८०७१७	
ग) स्थानीय विभाज्य कोषबाट बाँडफाँट भई प्राप्त	१८७२५०७।२७		4.प्रदेश सशर्त	१०५८८४०७	
२. वित्तीय हस्तान्तरण (संघ)		३५१८६९४४४।९२	5.प्रदेश विशेष	४९०७०११	
क) समानीकरण अनुदान	७२५८२१६०		६.प्रदेश समपुरक	१४५७६२४५	
ख) राजस्व बाँडफाँट	६५८८०९९०।०७		**अन्तर सरकारी अख्तियारी (संघ)**		११६४९९६४६
ग) सशर्त अनुदान	२०७३५९५००		क) सामाजिक सुरक्षा तथासंरक्षण	१०८५८५८३५	
घ) समपुरक अनुदान	५१०००००		ख) पर्यटन पूर्वाधारविकास आयोजना	६५९०८११	
ङ) रोयल्टी	९४६७९४।८५		ग) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम	८९५०००	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		६८०६७५२०।७८	घ) विद्यालय शिक्षाक्षेत्र योजना	४२८०००	
क) समानीकरण अनुदान	७११८०००		**धरौटी फिर्ता तथा सदरस्याहा**	३२४५४४४	३२४५४४४
ख) राजस्व बाँडफाँट	११४९३५२०।७८		**विविध खर्च खाताबाटभएको खर्च**		४२८७५२७।८३
ग) सशर्त अनुदान	२१४५६०००		क) प्रदेश प्राविधिकतथा व्यावसायिक शिक्षा एवं तालिम परिषद- सीपमूलक तालिम कार्यक्रम	३०००००	
घ) समपुरक अनुदान	२०००००००		ख) विपन्न दलितसशक्तीकरण	४०००००	

			कार्यक्रम		
ङ) विशेष अनुदान	८००००००		ग) सडक बोर्ड नेपाल –गा.पा. सँगको साझेदारी	३०८२५२८	
४.अन्तर सरकारीअख्तियारी (संघ)		११६४९९६४६	घ)MEDPA- जनसहभागिता तर्फको लागत साझेदारी	६८५००	
क) सामाजिक सुरक्षा तथा संरक्षण	१०८५८५८३५		ङ) सूचना प्रविधिअधिकृत तलब भत्ता	४३६४९९।८३	
ख) पर्यटन पूर्वाधार विकास आयोजना	६५९०८११		च) प्रयोजन नखुलेकोप्राप्त रकम		
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८९५०००		**कार्यसञ्चालन कोषबाटभएको खर्च**		३१५२०९२
घ) विद्यालय शिक्षा क्षेत्र योजना	४२८०००		क) लैङ्गिक हिंसानिवारण कोष		
५. धरौटी आय	५०५००३९।६६	५०५००३९।६६	ख) बाल संरक्षण कोष		
६. विविध खर्च खाता		५५४४५२७।८३	ग) प्रकोप व्यवस्थापनकोष	३१५२०९२	
क) प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद-सीपमूलक तालिम कार्यक्रम	३०००००		**अनुदान फिर्ता**		
ख) विपन्न दलित सशक्तीकरण कार्यक्रम	४०००००		**१.संघ तर्फ**		१९५६३७०४।८३
ग) सडक बोर्ड नेपाल – गा.पा. सँगको साझेदारी	४२८२५२८		क) सशर्त अनुदान	१७७४४४२१।८३	
घ)MEDPA- जनसहभागितातर्फको लागत साझेदारी	६८५००		ख) समपुरक अनुदान	१८१९२८३	
ङ) सूचना प्रविधि अधिकृत तलब भत्ता	४३६४९९।८३		**२.** प्रदेश तर्फ		११४९२१४०
च) प्रयोजन नखुलेको प्राप्त रकम	५७०००		क) सशर्त अनुदान	२९७५३९६	
७) कार्य सञ्चालन कोष		२९०००००	ख) विशेष अनुदान	३०९२९८९	
क) लैङ्गिक हिंसा निवारण कोष	२०००००		ग) समपुरक अनुदान	५४२३७५५	
ख) बाल संरक्षण कोष	१०००००		**अन्तिम मौज्दात**		२८४११९६६।९३
ग) प्रकोप व्यवस्थापन कोष	२६०००००		१. संचित कोषको मौज्दात	१९१५७६०१।२८	
			२. धरौटी	७६०८५५५।६५	
			३. विविध खर्चखाता		
			क) सडक बोर्ड नेपाल – गा.पा. सँगकोसाझेदारी	१२०००००	

			ख) प्रयोजन नखुलेको प्राप्त रकम	५७०००	
			४. कार्यसञ्चालनकोष		
			क) लैङ्गिक हिंसा निवारण कोष	२०००००	
			ख) बाल संरक्षण कोष	१०००००	
			ग) कोप व्यवस्थापन कोष	८८८१०	
जम्मारु.	५८५७७७६१७।६	५८५७७७६१७।६३		५८५७७७६१७।६३	५८५७७७६१७।६३

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **खर्च बिश्लेषण**-पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ८४९१३६३।६१ राजस्व बाँडफाँड र अनुदानबाट रु ४१९९३६९६५।७० समेत रु ४२८४२८३२९।३१ आम्दानी भएकोमा चालु तर्फ रु २७४०१८१२३।०४ र पूँजिगत तर्फ रु १२५१०६९७३।०० समेत रु ३९९१२५०९६।०४खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२१२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५३७३६१८।०० खर्च भएको छ जुन आन्तरिक आयको ६३.२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुखर्च प्रतिशत ६३.९५ र २९.२० प्रतिशत पूँजिगत निर्माणमा खर्च .भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माणमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।आन्तरिक आयको श्रोत खोजि प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाहरुले प्रत्येक बर्ष मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, खुद वचत सम्वन्धि निति र योजना लगायत अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ता भएका ३० कृषि सहकारी २४ वचत तथा ऋण सहकारी ३ वहुउदेश्यीय १ र उत्पादन १र उपभोक्ता सहकारी १ गरी ३० वटा सहकारीरहेका छन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४ बजेट तथा कार्यक्रम

४.१ **बजेट सीमा निर्धारण र तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समितिको समितिको मिति २०८१।२।२३ वैठकवाट सिमा निर्धारण भएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट महाशाखा तथा वडालाई सोको जानकारी दिएको दिएको भएपनि ऐनमा

व्यवस्था भएअनुसार वमोजिम तोकीएको समय सिमा निर्धारण नभएकोले तोकिएको समायमै वजेटको सिमा निर्धारण गरि यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु ४६ करोड ७१ लाख ३० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० पारित गरी मिति २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । अख्तियारी वमोजिम तोकिएको समयमा कार्य कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

४.३ **योजना तथा वजेट कार्यान्वयन** – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- ·**त्रैमासिक खर्च अवस्था-** आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १२.करोड ५१लाख ६ हजार भएकोमा प्रथम त्रैमासिकमा १० लाख ७८ हजार, दोश्रो त्रैमासिकमा ३लाख ८९ हजार, तेश्रो चौमासिकमा २ करोड १७ लाख ७१ हजार, चौथो त्रैमासिकमा१० करोड १८ लाख ६९ हजार र आषाढ महिनामा ७ करोड ४ लाख २५ हजार देखिन्छ। चौथो त्रेमासिकखर्च ८१.४२ प्रतिशत र आषाढ महिनाको खर्च५६.२९ प्रतिशत रहेकोले वर्षान्तिमा खर्च दर उच्च रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।
- रकमान्तर-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै, गाउँपालिकाको विनियोजन ऐन २०८१ ले चालु र पुजिगत खर्च शिर्षकमा ४६ करोड ७१ लाख ३० हजार वजेट स्विकृत गरेको मध्ये आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा रु २४ करोड १६ लाख ८२ हजार विनियोजन गरेको छ ।तर पालिकाले आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा २९ वटा कार्यक्रम/योजना लाइ घटाइ ३७ वटा नयाँ कार्यक्रम/ थप गरी रु. १,३१,४२,०००.० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा कार्यक्रम/योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन । ।साथै एक योजना/शिर्षकवाट रकमान्तर गरी अर्को योजना/शिर्षकमा वजेट थप गर्दा खर्च हुन सक्ने वा नसक्ने पक्षलाई विचार गरी रकमान्तर गर्नु पर्नेमा यस कार्यालयले रकमान्तर थप गरेका तपसिलका योजना कार्यक्रमहरुको वजेट खर्च भएको देखिएन ।

सि.नं.	योजना /कार्यक्रम	खर्च नभएको वजेट रु
१	सोलार मर्मत	५ लाख
२	बाटो सरसफाई तथा मर्मत (वडा १,३,४ र ५)	६ लाख
३	खरानीटार खानेपानी निर्माण	१० लाख
४	काल्चे गौरीखर्क मोटरवाटो स्तरउन्नती	१० लाख

४.४ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना

प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १३३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	७१	१४	१८	३९
२	वडास्तरीय	६२	0	९	५३

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

४.५ **दायित्व सृजना र भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानीदिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका खर्च रु ६०३१६७।०० र पुजिगत रु २८५५५३६।०० गरी गत वर्षको भुक्तानी दिन बाँकी दायित्व रु ३४५७७०३।०० बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

५ कानून निर्माण एवं कार्यान्वयन

५.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ५ वटा ऐन, १ वटा नियमावली, १७ कार्यविधि र २ निर्देशिका गरी ३५ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

५.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको वाँकी २ यस वर्ष ३३ उजुरी परेकोमा ३३ वटा फर्स्योट भइ २ वटा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६ सम्पत्ति उपयोग र संरक्षण

६.१ **सम्पत्तिको उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र

सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

सम्पत्ति	**संख्या**	**खरिद/प्राप्ति मूल्य**	**कैफियत**
घर जग्गा क्षेत्रफल र संख्या सहित			सवै जग्गा अभिलेखमा नआएको
सवारी साधन दुइ पाङग्रे	२८	५०२१४३७।००	
सवारी साधन चार पाङग्रे	३	५५७५००१	
एम्वुलेन्स	१		

- **इन्धनको अभिलेख** – पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु. ६,३०,७५१.०० र इन्धन (कार्यालय प्रयोजन)मा रु. १०,३६,८९९.००गरी रु. १६६७६५०।०० खर्च लेखेको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS मा राखिनुपर्दछ ।
- जिन्सी निरीक्षण -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने सामान नियम १०६ बमोजिम लिलाम गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरिक्षण पश्चात प्रतिवेदनमा उल्लेखित लिलाम गर्नुपर्ने सामान कानून बमोजिम लिलाम गरेको देखिएन ।

६.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा अनुगमन समेत गरी सार्बजनिक जग्गा संरक्षण गरीनुपर्दछ ।

७ पेश्की व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न,सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ती फर्म वा कम्पनिलाइ पेश्की दिदा प्रचलित कानुन वमोजिम वैक ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र कार्यलयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की वाहेक चालु आर्थिक बर्षको अन्तसम्ममा फस्यौट हुन नसक्ने गरी कुनै पेश्की दिन नहुने ब्यबस्था छ। त्यस्तै नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ ।विगत बर्षमा म्याद नाघेका देखिएका पेश्की फस्यौट गर्नुको साथै यस बर्ष दिएको निम्नानुसार नाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्यौंट हुन बाँकी रहेकोले नियमानुसार फछ्यौंट हुनुपर्ने देखिएको रु

पेश्की लिएको मिति	पेश्की लिनेको नाम	कार्य	पेश्की फस्यौट गर्नपर्ने म्याद	विगतको पेश्की रकम म्याद नाघेको	कैफियत
२०८०।३।११	श्री नकुल कुमार ओझा	५० प्रतिशत अनुदानमा टनेल वितरण कार्यक्रम	२०८०।३।३१	३,००,०००	आ व २०७९/ ८० मा लगति रहेको
२०८०।३।२०	राजेन्द्र पाठक	खानेपानी पाइप खरिद	२०८०।३।३१	२८८०००	आ व २०७९/ ८० मा लगति रहेको
जम्मा				५८८०००	

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

८ **सवारीसाधन कर बाँडफाड**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस बर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम रु ११४९३५२०।७८ मध्ये यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा विनियोजन गरि रु १०१६९८५२।खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

बाँडफाडवाट प्राप्त रकम	खर्च संकेत	खर्च शिर्षक	वजेट रकम	खर्च रकम
११४९३५२०।७८	२२५२२	कार्यक्रम खर्च	३,५०,०००.००	२२५२२
	२२५२९	विविध कार्यक्रम खर्च	९२,३८,६००.००	६१,००,५६५.००
	२५३१५	अन्य सस्था सहायता	१,००,०००.००	१,००,०००.०
	२६४१३	अन्य संस्थालाई सःशर्त चालु अनुदान	३२,८२,०००.००	३२,८२,०००.००
	२७२१३	औषधीखरिद खर्च	१०,००,०००.००	६,६४,७६५.००
जम्मा				१०१६९८५२।००

९ **संगठन तथा कर्मचारी व्यवस्थापन**

९.१

प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानिय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानिय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यबस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको विबरण अनुसार ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन ।

सिनं	पद	स्वीकृतदरवन्दि	पदपुर्ति	रिक्त	रिक्तमध्ये करार पदपुर्ति	कार्यक्रम करार
१	प्रमुखप्रशासकीय अधिकृत	१	१	०	०	
२	अधिकृत नवौ	१	०	१	०	
२	अधिकृत आठौं	३	३	०	०	
३	अधिकृतसातौ	३	०	३	०	०
	अधिकृत छैठौ	११	८	३	०	३
४	सहायकपाचौं	३३	१८	१५	६	२
५	सहायक चौथो	२९	६	२३	१४	४
		८१	३६	४५	२०	९

· • ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरिनुपर्दछ ।

९.२ करार कर्मचारी -स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी तथा करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगीर चौकिदारको पदवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा देहाय वमोजिम संख्यामा विगतदेखी नै कार्यरत कर्मचारीको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू.८६ लाख ९७ हजार पारिश्रमिक भुक्तानी गरेकोदेखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

पद	करारमा कार्यरत कर्मचारी संख्या	मासिक तलव	वार्षिक तलव भत्ता रु.
सहायक पाचौ	६	३४७३०	२७०८९४०
सहायक चौथो	१४	३२९०२	५९८८१६४
जम्मा			८६९७१०४

९.३ **कर्मचारी भत्ता-** भ्रमण खर्च नियमावली,२०६४ को नियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता वा

अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ ।पालिकाको कर्मचारीको स्थानीय प्रोत्साहन सुविधा कार्यविधि, वमोजिम कार्यसम्पादन सुचक वमोजिम कर्मचारीलाई १०० प्रतिशत सम्म मासिक खाइपाइ आएको तलबको प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख छ । पालिकाको चालु खर्च शिर्षकमा प्रोत्साहन भत्तामा रु ११९९२५४।०० र दैनिक भ्रमण भत्तामा रु २२९९९६५।०० खर्च भएको देखिएको छ । कर्मचारीले दैनिक भ्रमण भत्ता बुझेको अवधिमा प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता कट्टा गरी भुक्तानी दिनुपर्दछ ।

१० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेपनि लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन अद्यावधिक गरेको देखिएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा दोश्रो आवधिक योजना तयार गरेको पाइएन ।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।
- दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

खरिद व्यवस्थापन तर्फ

- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।

शिक्षातर्फ

- ·प्रदेश तथा स्थानीय तहमा शसर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाइनमा आधारित सफ्टवेयरमा प्रविष्टि गर्ने व्यबस्था भएकोमा सफ्टवेयरमा प्रविष्टि गरेको देखिएन ।
- सामुदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहले कार्यसम्पादन करार गरी कार्यसम्पादन स्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था भएकोमा कार्यसम्पादन करार गरेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु तयार गरेको छैन

विविध तर्फ

- · कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको कोष, पेश्की

तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ

११ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिकविद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी १२० स्वीकृत शिक्षक दरवन्दी रहेकोमा ११३ जना पदपुर्ति भई ७ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी दरवन्दीको विबरण पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

सं.	विद्यालयको संख्या	स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५	स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८	स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १०	स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२	जम्मा स्विकृत दरवन्दी	स्थायी पदपूर्ति	शिक्षण अनुदान कोटा राहतमा कार्यरत	संघिय शसर्त अनुदान र अन्य प्रकृतिका शिक्षण अनुदान	पालिका अनुदान	जम्मा करारमा कार्यरत
१	३०	८४	१३	१७	६	१२०	११३	२२	१७	२२	७०

१२ **विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात**

विद्यालय समायोजनतथा शिक्षक विद्यार्थी अनुपात --शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ (ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस पहाडी जिल्लाका सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४५ विद्यार्थीले गणना गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २२५ जना, (कक्षा ६-८) सम्म भएको विद्यालयमा ३६० जना, माध्यामिक (कक्षा ९-१०) मा ४५० जना प्रति विद्यार्थी हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको प्रति विद्यालय - विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

- ·विवरणअनुसार सवै समुदायिक विद्यालयमा तोकिए वरावर विद्यार्थी संख्यामा कम्तिमा शत प्रतिशत हुनुपर्नेमा न्युनतम ४.४४ प्रतिशत देखी अधिकतम ८०.४४ प्रतिशत विद्यार्थी भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलीले तोके वमोजिम विद्यार्थी भएको देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।
- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा विवरण अनुसार न्युनतम ३ देखी अधिकतम २३ सम्मको अनुपात भएको देखिएकोले अधिकाँस विद्यालयमा पनि नियमावलीले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी

सि.नं.	विद्यालय	विद्यालयको तह	नियमावली वमोजिम प्रति विद्यालयमा हुनुपर्ने विद्यार्थि संख्या	विद्यालयको विद्यार्थी संख्या	विद्यार्थी प्रतिशत	कुल शिक्षक संख्या	शिक्षक/ विद्यार्थी अनुपात
१	आल डाँडा आधारभूत विद्यालय	०-३	१३५	६	४	१	६
२	अमर ज्योति मावि	०-१०	४५०	४२३	९४	३९	११
३	विज्ञान माध्यमिक विद्यालय	०-१०	४५०	२९४	६५	३१	१०
४	चन्द्र प्रभा प्रा वि	०-५	२२५	४५	२०	७	६
५	चिलाउने आधारभूत विद्यालय	०-८	३६०	१५८	४४	१३	१२
६	ध्रुव ज्योति आधारभूत विद्यालय	०-५	२२५	६०	२७	६	१०
७	दुधेदेवी आधारभूत विद्यालय	०-५	२२५	४०	१८	७	६
८	गंगा देवी प्रा वि	०-३	१३५	३३	२४	३	११
९	हेमवतेश्वर वेदविद्याश्रम	अध्ययन ६-८	९०	१४	१६	०	
१०	जागृत माध्यमिक विद्यालय	०-१०	४५०	११९	२६	१९	६
११	जन जागृत आधारभूत विद्यालय	०-३	१३५	१५	११	३	५
१२	जनकल्याण आधारभूत विद्यालय	०-५	२२५	१८	८	६	३
१३	कल्पेसरी प्रा वि	०-३	१३५	३१	२३	२	१६
१४	कांगेसौरा आधारभूत विद्यालय	०-४	१८०	२१	१२	०	
१५	किरण आधारभूत विद्यालय	०-३	१३५	२७	२०	४	७
१६	मंगलेश्वरी प्रा वि	०-८	३६०	२२२	६२	१३	१७
१७	नव प्रभात आधारभूत विद्यालय	०-३	१३५	११	८	१	११
१८	ओम नबोदित प्रा वि	वालकक्षा	४५	१०	२२	०	
१९	पञ्चकन्या आधारभूत विद्यालय	०-८	३६०	११२	३१	१२	९
२०	प्रभु डाँडा आधारभूत विद्यालय	०-५	२२५	६३	२८	८	८
२१	राजामती आधारभूत विद्यालय	०-५	२२५	६५	२९	७	९
२२	रालुका मावि	०-१०	४५०	२२५	५०	२१	११
२३	सरस्वती आधारभूत विद्यालय	०-५	२२५	३१	१४	६	५
२४	सीता धर्म आधारभूत विद्यालय	०-८	३६०	१३९	३९	१३	११
२५	सुन्दरा माध्यमिक विद्यालय	०-१०	४५०	३२७	७३	२०	१६
२६	सुन्दरा मावि	०-१०	४५०	३१०	६९	२९	११
२७	सुन्दरादेवी मावि	०-१०	४५०	३६२	८०	१६	२३
२८	सुन्दरी देवी प्रा वि	०-३	१३५	१५	११	४	४
२९	सुर्यमती आधारभूत विद्यालय	०-३	१३५	२४	१८	३	८

३०	टुतुङ आधारभूत विद्यालय	०-५	२२५	७३	३२	७	१०

अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

१३ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट रु १२,५१,०६,९७३.०खर्च गरेकोमा रु ६२३७०९७९।३७ अर्थात् ४९.८५ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु.५६४८२९६।२९।०० र उपभोक्ता समितिबाट रु ५५४५५६४९।७८।०० को खरिद गरेको छ। सोझै, तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१४ अधुरा ठेक्काको कार्य स्वीकार

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ २क (११ औं शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था अनुसार यस योजना/कार्यालयले तपिशल अनुसार ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा भेरीएसन स्विकृत गरी कार्य स्वीकार गरेको छ । अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गरि कार्य गरेको पाइएन।

सि.न.	ठेक्का नं	काम	निर्माण ब्यबसायी	शुरु ठेक्का सम्झौता रकम	भेरिएसन स्विकृति पश्चात रकम	भुक्तानी	शुरु सम्झौताको भुक्तानी प्रतिशत	भेरिएसन स्विकृति पश्चात भुक्तानी प्रतिशत
१		वाघमारा सहिदपार्क निर्माण	सुगम कन्ट्रक्सन	८९५२१७२।९७	७०४९००३।४४	६५९०८११।०४	७३.६२	९३.४९

१५ महिला स्वास्थ्य स्वंय सेविकालाई प्रोत्साहन

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको विचार गरी कानूनी व्यवस्था गरेर मात्र कुनै पनि सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले स्वयंसेवकको रुपमा कार्य गर्ने महिला स्यंवसेविकाहरुलाई दिर्धकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको अध्ययन तथा विश्लेषण नगरीकनै तथा कार्यविधि तयार नगरिकनै ७१ जना महिला स्वंयसेविकालाई प्रोत्साहनको रुपमा १२६७६ को दरले रु ९०००००भुक्तानी गरी बढि व्ययभार पारेको देखियो।यस्तो दिर्घकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको भुक्तानी गर्दा आन्तरिक आयको समेत विचार गरी कार्यक्रम स्वीकृत गर्नुपर्दछ। आन्तरिक आयले नधान्ने यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

१६ बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम

बागमती प्रदेश सामाजिक बिकास मन्त्रालय को स्थानिय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन आ.ब २०८१।८२ ले आमा, बाबु विहिन वालवालिका संरक्षण कार्यक्रममा लक्षित समुहका प्रति बालवालिकाका लागि मासिक रु २००० का दरले भत्ता वितरण गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । यस पालिका अन्तर्गत आमा वावु विहिन १९ बालवालिका सुचिकृत भएकोमा वार्षिक रु २४००० दिनु पर्नेमा रु १७६८४ मात्र भत्ता उपलब्ध भएको छ । लेखापरीक्षणमा वजेट अभावले गर्दा प्रदेश वाट निकाशा भएको वजेट रु ३५६००० लाई दामासाहिले वाडफाड गरेको भनाई रहेको छ । पालिकाले आमा बाबु विहिन वालबालिकालाई निर्देशिकाले उल्लेग गरेबमोजिमको भत्ता उपलब्ध गराउन जोड दिनुपर्दछ ।

१७ गाँउपालिका अनुदान वाट शिक्षकको तलव भत्ता

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सवै शिक्षकहरु, प्रारम्भिक वाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै शशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ ।पालिकाले निम्न विद्यालयमा शिक्षक विद्यार्थी अनुपात भन्दा कम भएको अवस्थामा समेत पालिका

स्रोत वाट तलव भुक्तानी गरी थप व्ययभार पारेकोले नियम सम्मत देखिदैन । पालिकाले विद्यालय समायोजन गरी शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी शिक्षक ब्यबस्थापन गर्नुपर्दछ ।

विद्यालय	शिक्षक विद्यार्थी अनुपात	पालिका अनुदान वाट शिक्षक संख्या	वार्षिक तलव भत्ता रु
मंगलेश्वरी आ.वि.	१७.१	१	४५१४९०
सुन्दरा मा.वि.	१६.४	३	११२३५९०
चिलाउने आ.वि.	१२.२	१	२३४०००
ध्रुवज्योती आ.वि	१०	१	२३४०००
जागृत मा.वि.	६.३	३	७९३०००
राजमति आ.वि.	९.३	१	१९५०००
सुन्दरादेवी मा.वि.	२२.६	२	६६३०००
पञ्चकन्या आ.वि.	९.३	१	३२५०००
सिताधर्म आ.वि.	१०.७	५	१२२४२१०
	जम्मा	१८	५२,४३,२९०

१८ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायवमोजिमको अनुत्पादक तथा वितरणकारी कार्यक्रम संचालन अनुदान दिएको छ । पालिकाले यस्तो खर्च नियन्त्रण गर्दा स्थानिय सिर्जना हुने तथा अधिकतम प्रतिफल दिने उत्पादनमुखि कार्यमा वजेट तर्जुमा गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

गोश्वारा भौचर	कार्यक्रम	खर्च प्रयोजन	रु
६०।०८१।६।२०	तिज कार्यक्रम	तिजको सुभकामना आदान प्रदान कार्यक्रम खर्च	९००००
६९।०८१।६।२०	तिज कार्यक्रम	तिजको सुभकामना आदान प्रदान कार्यक्रम खर्च वडा नं ३	४००००
९५।०८१।७।१२	तिज कार्यक्रम	तिजको सुभकामना आदान प्रदान कार्यक्रम खर्च वडा नं २	४००००
९१।०८१।७।१२	तिज कार्यक्रम	तिजको सुभकामना आदान प्रदान कार्यक्रम खर्च वडा नं ५	४००००
८७।०८१।७।१२	तिज कार्यक्रम	तिजको सुभकामना आदान प्रदान कार्यक्रम खर्च वडा पालिका	९९४३२
१३२।०८१।८।१०	तिज कार्यक्रम	तिजको सुभकामना आदान प्रदान कार्यक्रम खर्च वडा नं १	४००००
१३१।०८१।८।९	नेपाल सेवन पर्व सञ्चालन कार्यक्रम	कार्यक्रम खर्च	१०००००
१३०।०८१।८।९	क्रिसमस तथा कृष्ण अष्टमी लगायत अन्य पर्व सञ्चालन	शिवालय मन्दिर व्यवस्थापन समितिलाई कृष्ण अष्टमी मनाउन	८००००
१६१।०८१।८।११	कोत पुजा अनुदान सञ्चालन अनुदान	पुजा सामाग्री वापत खर्च भुक्तानी	२०००००
१५१।०८१।८।१०	कोत पुजा अनुदान सञ्चालन अनुदान	पुजा सामाग्री वापत खर्च भुक्तानी	१९३५००
२०८।०८१।१०।३	कोत पुजा अनुदान	रालुकादेवी कोत पुजा व्यवस्थापन समिति	१०००००
२२०।०८१।१०।२४	क्रिसमष्ट पुजा अनुदान	ग्रेटर ग्रेस क्षेत्रिय चर्च निर्माण	१२३१९३
३४७।०८१।१२।२६	गाँउपालिका स्तरीय ल्होसार पर्व सञ्चालन	विविध कार्यक्रम सञ्चालन	५९९७८३

१९ **विद्यालयको शैक्षिक गुणस्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **दिवा खाजाको गुणस्तर**

दिवा खाजामा उपयोग हुने खाद्य समाग्री गुण स्तर तथा मात्रा र पोषण तत्वका सम्बन्धमा पालिकाले अनुगमन गरी दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

२१ **सेनेटरी प्याडको वितरण अभिलेख**

स्यानिटरी प्याड खरिद :- पालिकाले सामुदायिक विद्यालयमा (कक्षा ६ देखि १२) अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन एन्जल टच हाईजिन मेनुफेक्चरीङ्ग प्रा लि संग १३२८३ थान रु २८।८० पैसाको दरले ई विड मार्फत खरिद गरेकोमा उक्त सामाग्री विभिन्न ११ सामुदायिक विधालयलाइ वितरण गरेको भर्पाई पेश भएकोले छ सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ पालिकाको कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

२२ **शैक्षिक तथा व्यवस्थापकिय सुधाार**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र द्वारा प्रकासित कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ खण्ड ख कार्यक्रम कार्यान्वियन प्रकृया एवं मापदण्ड २.३.९ क्रियापलाप २.७.१३.१३ उप कृयाकलाप ९,२ अनुसार शैक्षिक तथा व्यवस्थापकिय सुधारमा शैक्षिक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययनभ्रमण, प्रविधियूक्त शिकाई, छिमेकी विद्यालय संग अन्तुकृया एवं विद्यालयका मौलिक अभ्यासलाई प्रथमिकता दिई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्ने उल्लेख छ पालिकाले यस शिर्षकमा प्राप्त रकम गो भौ १०० र १३५ वाट शैक्षिक गुण स्तर सुधारकोलागी अमर ज्योति माध्यमिक विद्यालयलाई रु १०,००,००० निकाशा गरेको छ । विद्यालयले उक्त रकमको करिव ४७ प्रतिशत रकम निम्नानुसार अतिरिक्त शिक्षण (कोचिङ्ग) शुल्क, मोनिटर भत्ता, अतिरिक्त कार्य गरेको भत्ता तथा प्रशासनिक भत्ता र पालिकाको प्रतिनिधि कार्मचारीको अनुगमन भत्तामा खर्च गर्ने गरेको पाईएकोले कार्यविधि विपरित भुक्तानी दिएको सम्वन्धित वाट अशुल गर्नुपर्ने रु

(१)कोचिङ्ग शुल्क

(क) :- पुष माघ फागुन महिनाको अतिरिक्त शिक्षण (कोचिङ्ग) शुल्क

शिक्षको नाम	कक्षा	विषय	समय अवधि	दर	जम्मा
वाशुदेव भण्डारी	१०	गणित	३	८०००	२४०००
किरण खतिवडा	१०	गणित	३	८०००	२४०००
नविन दहाल	१०	गणित	३	८०००	२४०००
मोहन ढकाल	१०	विज्ञान	३	१००००	३००००
किरण खतिवडा	९	गणित	३	९०००	२७०००
रेनुका रिमाल	९	अग्रेजी	१	९०००	९०००
विकास थापा मगर	८	गणित	२	८०००	१६०००
मोहन ढकाल	८	विज्ञान	२	८०००	१६०००
				जम्मा	१७००००

(ख) कक्षा १० सिभिल ईन्जिनियरिङ्ग धार (जेठ असार श्रावण) कोचिङ्ग शुल्क

शिक्षको नाम	समय अवधि	दर	रकम
जिवन दहाल	३	१००००	३००००
मोहन ढकाल	३	१००००	३००००
वाशुदेव भण्डारी	३	१००००	३००००
किरण खतिवडा	३	१००००	३००००
		जम्मा	१२००००

(२) भत्ता

(क) मोनिटरीङ्ग भत्ता :- कक्षा ८, ९ र १० मोनिटरिङ्ग भत्ता (पौष, माघ र फागुन)

शिक्षको नाम	समय अवधि	दर	रकम
सुरेन्द्र अधिकारी	३	७०००	२१०००
केशव कुमार सुवेदी	३	४०००	१२०००
विरेन्द्र श्रेष्ठ	३	४०००	१२०००
		जम्मा	४५०००

(ख) प्रशासनिक भत्ता :- अतिरिक्त कार्य प्रशासनिक भत्ता (पुष देखि असार)

शिक्षको नाम	समय अवधि	दर	रकम
सुरेन्द्र अधिकारी	७	३०००	२१०००
वाशुदेव भण्डारी	७	२०००	१४०००
विरेन्द्र श्रेष्ठ	७	२०००	१४०००
राम कुमार श्रेष्ठ	७	१०००	७०००
पूर्ण लाल श्रेष्ठ	७	१०००	७०००
दिप कुमार श्रेष्ठ	७	२०००	१४०००
		जम्मा	७७०००

असुल गर्नुपर्ने	४,१२,०००

२३ विद्यालयगत निकशा खाता

कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।

२४ ईमिसको सत्यापन तथा अभिलेख

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ.व.२०८१।०८२) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा, प्रति विद्यार्थी लागत अनुदान अन्तरगत वुक कर्नर संचालनका लागि अनुदान निकाशा गर्दा , प्रति विद्यार्थी ४०० का दरले दलित छात्र छात्रवृति तथा छात्रा छात्रवृत्ति निकासा गर्नुपर्दा, पुस्तक खरिदमा अनुदान निकाशा गर्दा इमिसमा अध्यावधिक तथ्याङ्गलाई सत्यापन गरि दिनुपर्ने व्यवस्था छ ।पालिकाको शिक्षा शाखाले यस वर्ष ईमिस तथ्याङ्कलाई सत्यापन गरी अभिलेख राखेको पाईएन ।

२५ अनुदानको अनुगमन

कृषि तथा पशुपंछी विकास मन्त्रालय द्वारा जारी कृषक समुह सहकारी तथा कृषि उद्धमीहरुका लागी अनुदान व्यवस्थापन कार्यविधि २०८१ परिच्छेद ४ अनुगमन मुल्यांकन दफा १७(१) अनुसार संचालन गरीएका कार्यक्रम हरुको अनुगमन तथा मुल्यांकनको जिम्मेवारी सम्झौता गर्ने निकायको हुने व्यवस्था छ ।पालिकाले कृषि, पशु, लघु उद्दम विकासमा सचेतना तथा शिप विकास तालिम तर्फ तरकारी खेतिमा ४९ जनालाई र धुप वनाउने तालिम ५७ जनालाई दिएको छ भने सिल पोलिङ्ग पलाष्टिक ९० जिएसएम १९ सेट, हजारी ५ लिटरको १५ थान, नेट जाली २मि।५०मि १९ थान , फलामको खल ७ थान, चार्जिङ्ग पम्प १६ लि ११ थान र जस्ता ६ वन्डल विभिन्न ३४ जना किसानलाई वितरण गरेको छ ।अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन ।अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

२६ **रोजगारी सृजना**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार न्यूनतम १०० दिन रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमाकार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सरसफाइ, पद मार्गनिर्माण, खानेपानी मर्मत कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६४ जनालाईऔषत ९७दिन रोजगारी उपलव्ध गराई रु ४४९२९६८।००खर्च गरेको छ । वेरोजगारमा सुचिकृत मध्ये केवल १५ प्रतिशतमा उक्त खर्चवाट अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

२७ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन।

२८ **राजश्व असूली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत शिर्षकमा तिन आर्थिक वर्षको राजश्व घट्दो क्रममा रहेको छ । आर्थिक वर्ष २०७९।०८० को तुलनामा आर्थिक वर्ष २०८१।०८२ मा ७८।३७ प्रतिशत मात्र संकलन भएको छ । पालिकाले आय आर्जनको श्रोत वृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाको ३ आर्थिक वर्षको आन्तरिक आय देहायवमोजिम रहेको छ ।

आर्थिक वर्ष २०७९।८० को असुली	२०८०।८१ को असूली	२०८१।८२ को असूली
६११३२२२	४२१२९८९	४७९१२७३

२९ **सेवा शुल्क**

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **७,७३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३० **सामाजिक सुरक्षा तर्फ**

३०.१ सामाजिक सुरक्षा -सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम जेष्ठ नागरिक ,आर्थिक रुपले बिपन्न ,अशक्ततथा असहाय अबस्थामा रहेका ब्यक्ती , असहाय एकल महिला ,अपाङ्गता भएका ,बालबालिका ,आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाइ सामाजिक सुरक्षा भता पाउने अधिकार हुने ब्यबस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भता बितरण कार्यविधि २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण ,लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम ,द्बितिय ,तृतिय चौथो किस्ता गरि जम्मा रु १०८५८५८३५। बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ।

३०.२ **निष्क्रिय खाताको रकम फिर्ता -**

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६२,२६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३०.३ **अनुगमन तथा निरीक्षण_** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने ब्यबस्था छ।सो बमोजिम पालिकाले कसैले दोहोरो नहुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको र मृत्यु भएका व्यक्तिको विवरण सम्वन्धमा गाउँपालिकाले अनुगमन गरी प्रतिबेदन गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : तादी गाउँपालिका, नुवाकोट , तादी गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नन्दलाल शर्मा	२०८०-१२-१४	२०८१-८-१२
कार्यालय प्रमुख	Druba Khanal	२०८१-९-२	२०८२-०८-०१
लेखा प्रमुख	सेवक विक्रम राई	२०८०-५-१८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४१९,७३२	०	६२,२६२	०	०	२००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					६८१,९९४
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२६९,९९४
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					४१२,०००

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७३५५०७४.८३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८५०४१६६०	**चालु खर्च**	२७४०१८१२३.०४
प्रदेश सरकारबाट अनुदान	५६५७४०००	**पूँजीगत खर्च**	१२५१०६९७३
राजश्व बाँडफाँट	७८३२१३०५.७	**वित्तीय/अन्य व्यवस्था**	१५८२४०५५४.६६
आन्तरिक आय	८४९१३६३.६१		
अन्य आय	१२९९९४२१३.४९		
कुल आय	५५८४२२५४२.८०	**कुल खर्च**	५५७३६५६५०.७०
बाँकी मौज्दात		२८४११९६६.९३	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

तादी गाउँपालिका,

वित्तिय प्रतिवदेन

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,०७,६३,९८६.२३	०	८,०७,६३,९८६.२३	५,३४,७२,९१०.६९	०	५,३४,७२,९१०.६९
१३०००	अनुदान		३१,०५,५९,८१५.१७	०	३१,०५,५९,८१५.१७	३१,४८,६७,८१०.४५	०	३१,४८,६७,८१०.४५
१४०००	अन्य राजस्व		५९,७९,०९७.०८	०	५९,७९,०९७.०८	४८,४३,१५८.७७	०	४८,४३,१५८.७७
१५०००	विविध प्राप्ति		६९,५८६.००	०	६९,५८६.००	३,१४,०९३.००	०	३,१४,०९३.००
क	**कुल जम्मा प्राप्ति**		३९,७३,७२,४८४.४८		३९,७३,७२,४८४.४८	३७,३४,९७,९७२.९१		३७,३४,९७,९७२.९१
३	चालु		२७,४०,१८,१२३.०४	०	२७,४०,१८,१२३.०४	३०,१७,११,५८५.५६	०	३०,१७,११,५८५.५६
२१०००	पारिश्रमिक / सुविधा		५,१२,११,४७२.८७	०	५,१२,११,४७२.८७	११,६५,१३,४३४.७३	०	११,६५,१३,४३४.७३
२२०००	मालसामान तथा सेवाको उपयोग		८,०८,०७,९९९.१७	०	८,०८,०७,९९९.१७	११,०४,४५,२०२.८३	०	११,०४,४५,२०२.८३
२५०००	सहायता (Subsidy)		९,७८,८३४.००	०	९,७८,८३४.००	६०,८१,१६०.००	०	६०,८१,१६०.००
२६०००	अनुदान		१३,२५,१५,२७७.००	०	१३,२५,१५,२७७.००	६,१६,४१,९२६.००	०	६,१६,४१,९२६.००
२७०००	सामाजिक सुरक्षा		७८,११,८४०.००	०	७८,११,८४०.००	६४,३९,९६२.००	०	६४,३९,९६२.००
२८०००	अन्य खर्च		६,९२,७००.००	०	६,९२,७००.००	५,८९,९००.००	०	५,८९,९००.००
४	पूंजीगत		१२,५१,०६,९७३.००	०	१२,५१,०६,९७३.००	१०,७५,५०,२५९.००	०	१०,७५,५०,२५९.००
३१११०	भवन तथा संरचना		२,१९,६५,३९५.००	०	२,१९,६५,३९५.००	१,०२,७१,५२२.००	०	१,०२,७१,५२२.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२४,२४,७४०.००	०	२४,२४,७४०.००	४९,१४,४३१.००	०	४९,१४,४३१.००

३११३०	अन्य पूँजीगत खर्च		४,६७,८५३.००	०	४,६७,८५३.००	३,९६,३५०.००	०	३,९६,३५०.००
३११४०	सुरक्षा उपकरण		०	०	०	६,४४,४००.००	०	६,४४,४००.००
३११५०	सार्वजनिक निर्माण		९,९९,८१,०५९.००	०	९,९९,८१,०५९.००	८,९३,८०,३६४.००	०	८,९३,८०,३६४.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	१८,४३,१९२.००	०	१८,४३,१९२.००
३११७०	पूँजीगत सुधार खर्च		२,६७,९२६.००	०	२,६७,९२६.००	१,००,०००.००	०	१,००,०००.००
ख)	**कुल जम्मा भुक्तानी**		३९,९१,२५,०९६.०४		३९,९१,२५,०९६.०४	४०,९२,६१,८४४.५६		४०,९२,६१,८४४.५६
ग)	**बचत /कमी (ग = क-ख)**		(१७,५२,६११.५६)		(१७,५२,६११.५६)	(३,५७,६३,८७१.६५)		(३,५७,६३,८७१.६५)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**		२८,०९,५०३.६६		२८,०९,५०३.६६	२६,८३,८९९.४९		२६,८३,८९९.४९
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**							
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		१०,५६,८९२.१०		१०,५६,८९२.१०	(३,३०,७९,९७२.१६)		(३,३०,७९,९७२.१६)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		२,७३,५५,०७४.८३		२,७३,५५,०७४.८३	६,०४,३५,०४६.९९		६,०४,३५,०४६.९९
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**							

ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		२,८४,११,९६६.९३		२,८४,११,९६६.९३	२,७३,५५,०७४.८३		२,७३,५५,०७४.८३

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।